आ.व. २०८३।०८४
वैठक:- नगर कार्यपालिका वैठक
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

वैठक नं. ०४।०८३।०८४
मिति:-२०८३।०६।२१ गते
स्थान:- ता.न.पा मिनिहल
समय:- दिनको १.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

उपस्थिति

उपस्थिति	नाम थर	पद	ठेगाना	कार्यपालिका
	श्री सन्तोषलाल श्रेष्ठ	नगर प्रमुख	ता.न.पा. २	अध्यक्ष
	श्री प्रतिक्षा सिंजाली	नगर उपप्रमुख	ता.न.पा. ४	सदस्य
	श्री यादव सिंह कार्की	वडा अध्यक्ष (प्रवक्ता)	ता.न.पा.११	सदस्य
	श्री सुनिल कुमार वस्याल	वडा अध्यक्ष	ता.न.पा. १	सदस्य
	श्री महेश्वर श्रेष्ठ	वडा अध्यक्ष	ता.न.पा २	सदस्य
	श्री वावुरत्न शाक्य	वडा अध्यक्ष	ता.न.पा ३	सदस्य
	श्री हेमन्तराज शाक्य	वडा अध्यक्ष	ता.न.पा. ४	सदस्य
	श्री राम वहादुर रावल	वडा अध्यक्ष	ता.न.पा ५	सदस्य
	श्री सागरमान महर्जन	वडा अध्यक्ष	ता.न.पा.६	सदस्य
	श्री प्रदिप खनाल	वडा अध्यक्ष	ता.न.पा ७	सदस्य
	श्री सोमनाथ अर्याल	वडा अध्यक्ष	ता.न.पा.८	सदस्य
	श्री राजेश कुमार अर्याल	वडा अध्यक्ष	ता.न.पा.९	सदस्य
	श्री हिमलाल पंगेनी	वडा अध्यक्ष	ता.न.पा.१०	सदस्य

–	श्री मेजर सिंह केसी	वडा अध्यक्ष	ता.न.पा.१२	सदस्य
	श्री टुकप्रसाद भट्टराई	वडा अध्यक्ष	ता.न.पा.१३	सदस्य
	श्री शोभाकर भट्टराई	वडा अध्यक्ष	ता.न.पा.१४	सदस्य
	श्री लक्ष्मी नेपाल	कार्यपालिका सदस्य	ता.न.पा. १	सदस्य
	श्री मन्जु वि.क	कार्यपालिका सदस्य	ता.न.पा. १	सदस्य
	श्री सविता भट्टराई	कार्यपालिका सदस्य	ता.न.पा. २	सदस्य
	श्री पुजा रावल	कार्यपालिका सदस्य	ता.न.पा. ५	सदस्य
	श्री लक्ष्मी विश्वकर्मा	कार्यपालिका सदस्य	ता.न.पा. ५	सदस्य
	श्री दिनेश गन्धर्व	कार्यपालिका सदस्य	ता.न.पा. ६	सदस्य
	श्री संजय घले	कार्यपालिका सदस्य	ता.न.पा. ४	सदस्य
–	श्री अनु रामदाम	कार्यपालिका सदस्य	ता.न.पा. १०	सदस्य
	श्री चेतनाथ गिरी	प्रमुख प्रशासकीय अधिकृत	ता.न.पा.का	सचिव
	श्री वसन्ती राना			

निर्णय नं. १
तानसेन नगर कार्यपालिकाको मिति २०८३।०५।२१ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २
तानसेन नगरपालिकाको नगर प्रज्ञा प्रतिष्ठान मार्फत आ.व. २०८३।०८४ को वार्षिक कार्यक्रममा तानसेन नगरपालिकाको नगर गान तयारी कार्यक्रम राखी उक्त कार्य अगाडि बढाउन नगर गान छनौट समिति गठन गरिएकोमा उक्त समिति मार्फत सर्वोत्कृष्ट नगर गान छनौट गरी स्वीकृतिको लागि सिफारिस गरे अनुसार पाल्पा जिल्ला रिब्दीकोट गाउँपालिका वडा नं. ३ (साविक खस्यौली गा.वि.स) घर भई हाल रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका वडा नं. ११ (साविक मक्रहर गा.वि.स. ६) निवासी श्री माधव नेपालबाट रचना गरिएको देहाय बमोजिमको नगर गान स्वीकृत गर्ने र उक्त नगर गानलाई संगीतबद्ध गर्ने प्रक्रियागत व्यवस्थाको लागि नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

देहाय

इतिहास र संस्कृतिको साझा मुहान
जय जय तानसेन, पाल्पाको शान ।
माथि हेर्दा श्रीनगर, तल माडी फाँट
प्रेमको अजम्बरी चिनो रानीघाट ।
भगवती जात्रामा गुञ्जिन्छ विजयगान
पाल्पाली ढाकाको विश्वभरी मान ।
गण्डकीको कलकल करुवाको पानी
हार कहिल्यै नस्वीकार्ने पुर्खाको कहानी ।
एकता र समृद्धि विकासको अभियान
जय जय तानसेन हाम्रो स्वाभिमान ।

निर्णय नं. ३
मिति २०८३।०६।०८ देखि ११ गते सम्मको अविरल वर्षाका कारण भएको क्षतिको सम्बन्धमा वडास्तरबाट निर्धारित ढाँचा बमोजिम क्षतिको विवरण तत्काल कार्यालयमा उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४
उपभोक्ता समितिको गठन तथा दर्ताको व्यवस्था सम्बन्धमा मिति २०८३।६।२० गते पाल्पा जिल्लामा रहेका सबै स्थानीय तहहरुको संयुक्त बैठकबाट गरिएका देहाय बमोजिमका निर्णयहरु बैठकमा छलफल भई अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

स्थानीय तहमा उपभोक्ता समिति मार्फत स्थानीय रुपमा उपलब्ध स्रोत साधनको उपयोग गरी आफ्ना गाउँ नगरका योजनाहरुको छनोट देखी सम्पन्न तथा अपनत्व र मर्मत सम्भार सम्मका कार्यहरुको लागि उपभोक्ता समितिहरुको योगदान सम्मानयोग्य छ । सार्वजनिक खरिद ऐन २०६३ दोस्रो संशोधन तथा सार्वजनिक खरिद नियमावली २०६४ को १६ औं संशोधनमा **प्रचलित कानून बमोजिम दर्ता भएको** भन्ने विषयले यस जिल्लाका स्थानीय तहहरुमा उपभोक्ता समिति मार्फत योजनाहरु कार्यान्वयन गर्न गम्भिर बाधा उत्पन्न भएको महसुश भएको छ । तसर्थ खरिद कानूनमा

प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

भएको पछिल्लो संशोधनलाई समेत मध्यनजर गरी यस जिल्लाका स्थानीय तहहरुले आ आफ्ना कार्यविधि संशोधन गरी उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्न देहाय अनुसार गर्ने निर्णय गरियो ।

१. स्थानीय तहका सबै उपभोक्ता समितिहरुलाई निशुल्क रुपमा पालिकामा दर्ता/अभिलेखीकरण गर्ने ।

२.योजना सम्पन्न पछि भुक्तानी गर्दा कट्टि गर्ने धरौटी सम्बन्धमा सम्बन्धित स्थानीय तहको निर्णय अनुसार गर्ने ।

३. दशलाख भन्दा माथिका योजनाको कार्यान्वयन गर्दा प्रचलित कानून अनुसार दर्ता तथा नविकरण लगायतका प्रकृया पुरा गर्ने ।

४. उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न बाधा भएको खरिद ऐनको उक्त व्यवस्थालाई संशोधन तथा सहजीकरणको लागि यस जिल्लाका संघीय तथा प्रदेश सांसद मार्फत सम्बन्धित सदनमा ध्यानाकर्षणको लागि अनुरोध गर्ने निर्णय गर्ने ।

यस सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा भएको संशोधन बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सम्झौता गरी सञ्चालन गरिने कार्यक्रम/योजनाहरु उपभोक्ता समिति दर्ता गरी सञ्चालन गर्ने, उपभोक्ता समिति दर्ताको लागि तानसेन नगरपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि २०८३ स्वीकृत गर्ने एवं उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना/कार्यक्रमहरुको सम्बन्धमा अन्य व्यवस्था उपभोक्ता समिति गठन तथा सञ्चालन कार्यविधि २०७४ बमोजिम गर्ने र रु.१० लाख भन्दा मुनिका आयोजनाहरुको डिफेक्ट ल्याबिलिटी पिरियड भित्र स्वयं उपभोक्ता समितिनै जिम्मेवार हुने र रु. १० लाख भन्दा माथिको योजना उपभोक्ता समिति मार्फत गर्दा यसै निर्णयको बुँदा नं. ३ मा भएको व्यवस्था पुरा गरी गर्ने निर्णय गरियो । साथै उपभोक्ता समितिको दर्ता/नविकरण नगरपालिकामा निशुल्क रुपमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

तानसेन नगरपालिकाको वन उपभोक्ता समितिको कार्यविधी, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

देउराली सामुदायिक वनको माग सम्बन्धमा आवश्यक कार्ययोजना तयार गरी कार्य प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ७

तानसेन नगरपालिकाको निर्देशक समितिबाट सिफारिस भई आएको सूचिकृत बेरोजगारको नामावली स्वीकृत गर्ने निर्णय गरियो । साथै रोजगार प्रवर्द्धन केन्द्रको बजेट कार्यान्वयन गर्नको लागि वडाबाट कार्यक्रम माग गरी आवश्यक निर्णय गर्न नगर प्रमुखज्यूलाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ८

तानसेन नगरपालिकाको चालु आ.व.को हालसम्म आय तर्फ रु.२८,२६,३५,५८०।५६ र व्यय तर्फ रु. १३,६१,०१,३३५।५८ को आय व्यय अनुमोदन गर्ने निर्णय गरियो । साथै आ.व. २०८३/०८४ मा हालसम्म भएका विल भपाईको फरफारक गर्ने निर्णय गरियो ।

देवराज गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय नं. ९

तानसेन नगरपालिका वडा नं. ७ काजिपौवामा रहेको श्रृजनशिल अपाङ्ग स्वाबलम्बन केन्द्रको विभिन्न उत्पादनहरु खरिद गर्ने सम्बन्धमा अनुरोध भई आएकोमा सार्वजनिक खरिद ऐन, नियम बमोजिम नगरपालिका र अन्तर्गतका निकायहरुमा खरिद गरी सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

चिलाङ्दी-गोर्खेकोट-धर्मशाला-आँखा अस्पताल सडक, गौरीशंकर गेष्ट हाउस देखि-ढुङ्गाखानी सडक, गैरागाउँ-धुबघाट सडक र बाँसटारी ठाटी सडक, नयाँपाटी शारदा मा.वि.सडक मर्मतका लागि प्राविधिक लागत अनुमानको आधारमा तानसेन नगरपालिकाको चालु आ.व.को मर्मत सम्भार कोष शिर्षकबाट रकम रु. ८०,००,०००।- (रु. असि लाख) व्यवस्थापन गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ११

तानसेन नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सिफारिस समितिको मिति २०८३ साल असोज १९ गतेको बैठकबाट देहाय अनुसारको फर्महरुलाई इजाजतपत्र प्रदान गर्न योग्य देखिएकाले कार्यविधिको दफा २ (३) बमोजिमको सिफारिसको आधारमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

- कालिगण्डकी कन्सट्रक्सन, ता.न.पा. ४
- रुरुक्षेत्र कन्सट्रक्सन एण्ड सप्लायर्स, ता.न.पा. १४
- अल्फा इन्जिनियरिङ्ग कन्सट्रक्सन सप्लायर्स एण्ड कन्सल्टेन्सी प्रा.लि.,ता.न.पा. ४

निर्णय नं. १२

तानसेन नगरपालिका वडा नं. ३ स्थित पद्म पब्लिक नमुना मा.वि.मा रहेको विद्यालयमा आधारित विपद् जोखिम न्युनीकरण स्रोत केन्द्र (School Based DRR Resource Center) को लागि चालु आ.व.को स्वीकृत वार्षिक बजेट पुस्तिकाको पेज नं. ५६ क्र.सं. २२७ मा उल्लेख भए बमोजिम विनियोजित रु. २५ लाख रकमलाई देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने गरी विनियोजन गरियो ।

क. तालिम, गोष्ठी, अन्तरक्रिया						
क्र.सं.	कियाकलाप	समयावधी	मिति	बिनियोजित बजेट	स्रोत व्यवस्थापन	कैफियत
१	प्रशिक्षित शिक्षक तथा विद्यार्थी केन्द्रित २ दिने पूनर्ताजगी तथा योजना कार्यशाला गोष्ठी	२ पटक	२०८३ कार्तिक मसान्तसम्म	२०००००	ता.न.पा.	
२	विद्यालय स्तरिय DRR बाल क्लवगठन तथा Logistic Support-	१ पटक	मंसिर, २०८३	२६००००	ता.न.पा.	

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

३	अन्तर विद्यालय DRR Based and Climate Change सम्बन्धी अतिरिक्त क्रियाकलाप प्रतियोगिता (हाजिरी जवाफ)	१ पटक	मंसिर, २०८३	१०००००		
४	अन्तर विद्यालय DRR Based and Climate Change चित्रकला प्रतियोगिता	१ पटक	पुष, २०८३	८००००		
५	अन्तर विद्यालय DRR Based and Climate Change वक्तृत्व कला प्रतियोगिता	१ पटक	पुष, २०८३	८००००		
	जम्मा खर्च			७२००००		
ख	प्रशिक्षण सामग्री(Content) परिकल्पना, डिजाइन तथा प्रकाशन	१ महिना	२०८३ कार्तिक दोश्रो हप्ता	१०,००,०००।	ता.न.पा.	

ग. श्रव्य-दृष्य उपकरण तथा सामाग्री खरिद, पुस्तकालय सामाग्री खरीद तथा संग्रह

क्र.सं.	सामाग्रीको नाम	थान	साइज	विनियोजित बजेट		
३	मेशीनरी उपकरण	१	२०८५ पुष	२५३०००		
४	अन्य विद्युतिय सामग्री		२०८६ पुष	२००००		
५	तालिम कक्षको लागि फर्निचर		२०८७ पुष	४२७०००		
६	सन्दर्भ पुस्तिका तथा सामाग्री खरिद संकलन		२०८८ पुष	५००००		
७	स्रोतकेन्द्र होर्डिंग बोर्ड		२०८९ पुष	५०००		
८	प्रदर्शनी सामग्री		२०९० पुष	२५०००		प्राथमिक उपचार सामग्री, आपतकालिन झोला सामग्री, स्थानीय सामग्री
				७८००००		
	कुल जम्मा			२५०००००		

निर्णय नं. १३

जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयको माग तथा लागत अनुमान बमोजिम नगरको ट्राफिक व्यवस्थापनको लागि CCTV निगरानीको लागि Backup व्यवस्था तथा विभिन्न स्थानमा विग्रिएका CCTV मर्मत गर्न आवश्यक देखिएकोमा मर्मत सम्भार गरी सुचारु बनाउनको लागि नगर स्तरीय आयोजनाको नगर ट्राफिक क्षमता वृद्धि कार्यक्रमबाट रु.

१,५०,०००।- र सूचना प्रविधि कार्यक्रमबाट रु. १,३०,०००।- व्यवस्थापन गरी जम्मा रु. २,८०,०००।- रकमबाट Backup व्यवस्था र CCTV मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

तानसेन नगरपालिकाको जात्रा महोत्सव तथा सांस्कृतिक क्षेत्र सहयोग कार्यक्रम तर्फ सामाजिक विकास समितिका संयोजकबाट सिफारिस भई आए बमोजिम देहाय अनुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

आ.व. २०८३/०८४ मा सामाजिक क्षेत्र तर्फ कला,धर्म संस्कृति, परम्परागत जात्रा, पर्व सम्बन्धी विनियोजन गरिएको रकम विवरण		
क्र.सं.	संस्था/कार्यक्रम विवरण	२०८३/०८४ रकम रु
१	भगवती जात्रा	२,००,०००/-
२	अमरनारायण जात्रा	१,००,०००/-
३	बुद्ध जयन्ती	१,००,०००/-
४	ऋषिकेश मन्दीर सिन्दुर जात्रा ता.न.पा. १४ रिडी माघेसंक्रान्ति समेत	१,००,०००/-
५	रोपाई जात्रा (प्रति जात्रा-बराङ्गदी, अर्चले, सापाखुम, विष्णुडाँडा, धरमपानी) (३ X ३५,०००= १,०५,०००/-)	१,०५,०००/-
६	माण्डव्य ऋषि मेला यात्रा	२०,०००/-
७	लिपिन्देवी वाख्खै जात्रा समेत साँस्कृतिक कार्यक्रम, ता.न.पा. ११	२०,०००/-
८	राधाकृण जन्माष्टमी जात्रा	१२,०००/-
९	शिवरात्री मेला जाग्राम कार्यक्रम कृषि प्रदर्शनी मेला ता.न.पा. ७	३०,०००/-
१०	भगवती मन्दीर भजन मण्डली (२ X १०,०००= २०,०००/-)	२०,०००/-
११	लाखेहरु (ठूलो) दर्शक ५० जना भन्दा बढि भएमा (२ X २०,०००= २०,०००/-)	४०,०००/-
१२	ढुङ्गाखानी पश्चिम गाउँ नर्मदेश्वर शिवालय ता.न.पा. ५	१०,०००/-
१३	गाईजात्रा प्रदर्शन काम्ले गाई सहितको २५ जना समुहमा रहेकोलाई (५ X ५०००= २५,०००/-)	२५,०००/-
१४	गाईजात्रा (सामुहिक घर (३ घर) भन्दा माथि) निर्गुण भजन कृतन सहितको कार्यक्रम (३ X १५,००० = ४५,०००/-)	४५,०००/-
१५	श्रीनगर गणेश जात्रा	१५,०००/-
१६	राम मन्दीर मेला सुरुङतुङ, ता.न.पा.१०	५,०००/-
१७	मालश्री तानसेनका विभिन्न टोलमा	५,०००/-
१८	सूर्यकुण्ड सूर्य शिवलाई जलापर्ण प्रभास, ता.न.पा.७	५,०००/-
१९	वंशगोपाल ता.न.पा.७ प्रभास कृष्ण अष्टमी कृष्ण जन्माउने रात्रिकालिन मेला	१०,०००/-

प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ

२०	शितला देवी रथयात्रा ता.न.पा ७	५,०००/-
२१	बटुक भैरव ता.न.पा.६ अम्मरगञ्ज	१०,०००/-
२२	चेचिकोट ता.न.पा.१२	१५,०००/-
२३	कमलेश्वर वडा नं. ९	५,०००/-
२४	प्रति बाघजात्रा (प्रति समुह -१५ जनाको)	५,०००/-
२५	चुइकी फिराई	१०,०००/-
२६	भैरव जात्रा	५,०००/-
२७	भिमसेन जात्रा, ता.न.पा., २	५,०००/-
२८	श्री ७ सुर्यविनायक गणेश जात्रा	५,०००/-
२९	टक्सार गणेश जात्रा	५,०००/-
३०	बसन्तपुर लक्ष्मीनारायण जात्रा	५,०००/-
३१	लाखेहरु दर्शक १० जना भन्दा बढी ५० सम्म	३,०००/-
३२	कालिका मन्दीर ता.न.पा. १०	२,५००/-
३३	राम मन्दीर मेला ता.न.पा. ६ पद्मेटारी	२,५००/-
३४	दुर्गा मन्दीर ता.न.पा. १ भुसलडाँडा	२,५००/-
३५	दुर्गा मन्दीर ता.न.पा. ७ कुन्सरे	२,५००/-
३६	राधाकृष्ण मन्दीर ता.न.पा. ५ भेडिचौर	२,५००/-
३७	शिवालय मन्दीर ता.न.पा. ६ अर्चले	२,५००/-
३८	कोकलदेवी मन्दीर ता.न.पा. ८	३,०००/-
३९	सामुहिक भजन कृतन जात्रामा बजार परिक्रमा (न.पा.ले आयोजना गरेमा)	५,०००/-
४०	सिद्धबाबा गुठी	२,०००/-
४१	गाठेमंगल पर्व (५ X १५०० = ७५००)	७,५००/-
४२	लिल घडा पर्व	३,०००/-
	जम्मा	**९,८०,५००/-**

साथै उक्त कृयाकलाप तर्फको बजेट उल्लेखित कार्यसम्पन्न गरी सम्बन्धित समुदाय तथा व्यक्तिहरुको रीतपूर्वकको विल भपाई र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित पेश भए पश्चात भुक्तानी गर्ने र त्यसरी भुक्तानी गर्दा वडा कार्यालय र नगरपालिका मध्ये कुनै एकतर्फको बजेटबाट (दोहोरो नपर्ने गरी) भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

तानसेन नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरु समेतको भाद्र महिनाको तलबबाट कट्टा गरी संकलन भएको कुल रकम रु. ४९,८५,०००।- (रु. उनान्चास लाख पचासी हजार प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा उपलब्ध गराईएको सहयोग रकमको बारेमा बैठकमा जानकारी भयो ।

निर्णय नं. १६

तानसेन नगरपालिका भित्रका विभिन्न धार्मिक सांस्कृतिक सम्पदाहरुलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्न निर्धारित कार्य अगाडि बढाउने गरी नगर प्रमुखको संयोजकत्वमा देहाय बमोजिम हुने गरी स्टेरिङ्ग कमिटी गठन गर्न नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो ।

देहाय:

नगर प्रमुख	**संयोजक**
प्रमुख प्रशासकीय अधिकृत	**सदस्य**
जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि	**सदस्य**
जनप्रतिनिधि मध्येबाट (नगर प्रमुखबाट मनोनित कम्तीमा ३ जना)	**सदस्य**
प्राविधिक विषय विज्ञ	**सदस्य**
सम्पदा विषय विज्ञ	**सदस्य**
पूर्वाधार शाखाको ईन्जिनियर (प्र.प.अ. ले तोकेको)	**सदस्य सचिव**

निर्णय नं. १७

महेन्द्र बोधी माध्यमिक विद्यालयको छाना चुहिएकोले हाललाई २५ पाता टिन खरिदको लागि सहयोग माग भएकोमा नियमानुसार बिल भर्पाई पेश भई आए पश्चात बढिमा रकम रु. ३५,०००।- आ.व. २०८३/०८४ को मर्मत सम्भार कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १८

हामो तानसेन मुखपत्र अंक प्रकाशनको लागि नगर प्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुख र कर्मचारीहरु एवं नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा मातहतका सेवा केन्द्रहरु समेतको विवरण सङ्कलन गरी आवश्यक लेखन तथा प्रकाशन कार्यका लागि सार्वजनिक खरिद ऐन नियमावली बमोजिम सेवा प्रदायक संस्था/व्यक्ति छनोट गरी आवश्यक कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १९

तानसेनका रैथाने सन्दर्भ: दलित, मगर, खस आर्य विषयक कार्यशाला गोष्ठी मिति २०८३ आश्विन २४ गते आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

तानसेन पाल्पामा रहेको पासा खल: नामक संस्थाबाट नेवारी लिपी क्यालेन्डरको लागि सहयोग माग गरेको हुँदा रकम रु. १०,००० आ.व. २०८३/०८४ को नगर स्तरीय आयोजना अन्तर्गत क्र.सं. १२४ संकेत नं. ६११.२३.१.६१५ को **नेवारी भाषा संस्कृती लिपी** शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २१

तानसेन नगरपालिकाको वडा नं. ८ मा एक घर एक धारा योजना कार्यान्वयन भए पश्चात सार्वजनिक धारा नरहेको हुँदा वडाको एक ठाउँमा सार्वजनिक धारा राख्नका लागि आवश्यक पर्ने १०० मिटर पोलिथिन पाईप माग भई आएकोमा आ.व. २०८३/०८४ को नगरस्तरीय आयोजना अन्तर्गत क्र.सं. १२६ संकेत नं. ६११.२३.१.६४२ **तानसेन नगरपालिका अन्तर्गतका विभिन्न खानेपानी उपभोक्ता समिति अनुदान** शिर्षकबाट भुक्तानी दिने गरी कार्य गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

सन्तोष तुलसी श्रेष्ठ
नगर प्रमुख

निर्णय नं. २२

तानसेन नगरपालिका वडा नं. १३ मा रहेको ऐतिहासिक रानीमहल बगर क्षेत्रमा नयाँ संरचना बनाउन रोक लगाउने साथै यस कार्यमा सहकार्यको लागि बगनासकाली गाउँपालिकामा समेत पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को पत्रबारे बैठकमा जानकारी भयो । यस सम्बन्धमा समय सीमा भित्र कार्यसम्पन्न गरी प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २४

तानसेन नगरपालिका क्षेत्रभित्रका विभिन्न सामुदायिक वन उपभोक्ता समिति मार्फत प्रवर्धन र संरक्षण भैरहेको वनक्षेत्रका सडक किनारा र बस्ती तथा विद्युतीय लाइनको आसपासमा रहेका पुराना जोखिमयुक्त रुखहरु वर्षा हुँदा तथा सामान्य हावाहुरीको समयमा समेत ढली घर, सवारी साधन, विद्युत पोल र तारमा पटकपटक क्षति पुग्नुको साथै सवारी आवागमन अवरोध र भुक्षय समेत भैरहेकोले त्यस्ता रुखहरु यथाशीघ्र हटाउनका लागि सम्बन्धित वन उपभोक्ता समूहलाई लेखी पठाउने र सोका लागि आवश्यक सहयोग र सहजीकरण गर्न डिभीजन वन कार्यालय पाल्पा र जिल्ला विपद् व्यवस्थापन समिति पाल्पालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

तल्लो डुम्रे-सुनडाँडा-तेल्घा-गुफाचौर-बडहरबोट गाउनडाँडा-सल्लाघारी होलाङ्गदी सडक सुधार आयोजना (ठेक्का नं. NP-DUDBC-403911-CW-RFB) को निर्माण कार्य 4th feb.2026 मा सम्पन्न गरी कार्य स्वीकार्य गरिएकोमा उक्त सडकको भुक्तानी गर्दा धरौटी बापत रु. १,९३,३२,७२९।- कट्टा गरी यस कार्यालयमा राखिएकोमा निर्माण व्यवसायी कम्पनी श्री वेदाशी इन्फ्रास्ट्रक्चर प्र.लि. ले 23rd feb. 2026 मा GCC Clause 54.5(a), (b) & (c) अनुसार Request for Release of Retention Money Deposit फिर्ता पाऊँ भनि मिति २०८३।०५।०८ मा निवेदन दर्ता गरेको र प्रभु बैंकबाट Performance (Retention) Guaranty No. P00101P00409834 को रकम रु. १,९४,००,०००।- 05 March, 2027 सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गरेकोले सार्वजनिक खरिद नियमावलीको नियम १२४ को उपनियम (२) (क१) अनुसार धरौटी कट्टी गरेको रकम मध्येबाट रु. १,३५,००,०००।-धरौटी फिर्ता दिने निर्णय गरियो ।

निर्णय नं. २६

गत आर्थिक वर्ष २०८२/०८३ मा सङ्घीय सरकार समपूरक अनुदान ५०% र नगरपालिकाको ५०% मा बतासेडाँडा चण्डिभन्ज्याङ्ग भुल्के जोर्ते सडकको लागि सम्झौता भई सो आ.व. को अन्त्य सम्म पनि योजना सम्पन्न नभएकोले चालु आ.व. २०८३/०८४ को वार्षिक (रातो किताब) तर्फ म्याद थप भएका आयोजना शीर्षकमा विनियोजित कुल रकम रु. २,६५,००,०००।- बाट कन्टिन्जेन्सी बाहेक रु. २२,६३,१६१।- भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगरपालिका प्रमुख

निर्णय नं. २७

यस तानसेन नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने विभिन्न निर्माण, परामर्श तथा अन्य वस्तु तथा सेवा खरिद सम्बन्धी कार्यहरूलाई व्यवस्थित, मितव्ययी र पारदर्शी बनाउन सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रही तयार गरी स्वीकृत गरिएको एकिकृत वार्षिक खरिद गुरुयोजनामा स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP) को प्राविधिक सहयोग तथा सहजीकरणमा संशोधन तथा परिमार्जन गरी तयार पारिएको तानसेन नगरपालिकाको एकिकृत वार्षिक खरिद योजना (IAPP) आ.व. २०८३/०८४ स्वीकृत गर्ने निर्णय गरियो। साथै खरिद प्रणालीलाई अझ सुधार गर्दै लैजान आगामी आर्थिक वर्षहरूदेखि समेत अनिवार्य रूपमा एकिकृत वार्षिक खरिद योजना (IAPP) निर्धारित समयमा तर्जुमा गरी लागु गर्ने निर्णय गरियो।

निर्णय नं. २८

सञ्चार मञ्च, पाल्पाको आयोजनामा यही २०८३ असोज २२ गते देखि २४ गते सम्म तानसेनमा आयोजना हुने **लुम्बिनी अन्तर्राष्ट्रिय चलचित्र महोत्सव २०८३** को कार्यक्रम सञ्चालनको क्रममा खर्च हुने मुख्यतः हलखर्च, स्वदेशी चलचित्रकर्मीको यातायात तथा बास खर्च, ब्यानर, प्रचार प्रसार, साउण्ड सिस्टम लगायतका खर्चमा केन्द्रित भई भुक्तानी दिन एकमुष्ट रकम रु ३ लाख ७५ हजार (कर सहित) मा नबढ्ने गरी आर्थिक सहयोग गर्ने निर्णय गरियो । साथै उक्त रकम चालु आ.व. २०८३/०८४ को बार्षिक बजेट पुस्तिकाको पेज नं. ५३ मा उल्लेखित TACT तर्फको स्वीकृत कार्यक्रम अन्तरगत क्र.सं. ७ को **तानसेन वृत्तचित्र मेला २०८३ शिर्षकमा** विनियोजन भएको रकमवाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

तानसेन नगरपालिकाको सेप्टी ट्याङ्की (फिकल स्लज) सक्सन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ को दफा १३ मा व्यवस्था भए बमोजिम सक्सनको कार्यमा खटिएको समयमा उक्त कार्यको सम्भावित जोखिम र संवेदनशीलतालाई मध्येनजर गरी प्रति स्टाफ प्रतिदिन वा प्रतिस्टाफ प्रति पटक रु.३००।- का दरले बढीमा ३ जनासम्म स्टाफ (खटिएका मध्ये) को लागि खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३०

प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेशको च.नं. २२६ मिति २०८३।०५।३१ को प्राप्त पत्र बमोजिम नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा रिक्त पदहरुका लागि माग आकृति फारम भर्ना पठाउने निर्णय गरियो ।

निर्णय नं. ३१

गत आ.व. २०८२/०८३ मा सञ्चार सवलीकरण शीर्षकमा विनियोजित बजेटबाट खर्च लेख्ने गरी मिति २०८३।०३।१८ मा नगर कार्यपालिकाको बैठकको निर्णय नं. ८ को निर्णय बमोजिमको रकम रु. ७,४६,०००।- विविध कारणवश सो आ.ब. मा भुक्तानी नभएको हुँदा चालु आ.व. मा अ.ल्या. गरिएकोमा "मेयर पूर्वाधार विकास कार्यक्रम"बाट भुक्तानी दिने निर्णय गरियो ।

रत्नोत्तम लक्ष्य श्रेष्ठ
नगर प्रमुख